नगर प्रमुख डम्वर बहादुर रावत बाट
१२ औं नगर सभामा प्रस्तुत हुने

नलगाड नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को

# नीति तथा कार्यक्रम

नलगाड नगरपालिका, जाजरकोट ।
२०८० असार

नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,

१. आज नलगाड नगरपालिकाको बाह्रौ नगर सभामा आर्थिक वर्ष २०८०।८१ को बार्षिक नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न पाउदा म गौरवान्वित भएको छु । नेपालको संविधान जारी भए पश्चात संघीयताको परिणाम स्वरुप प्राप्त संघीयताका लाभहरुको उपभोग गर्दैनेपालको संविधान अनुसार स्थानीय सरकार स्थापनाकै कालखण्ड देखि नीति प्रवाह, विधि निर्माण, सेवा वितरण तथा विपद व्यवस्थापनमा क्रियासिल हुदैं संघियता र लोकतन्त्रलाई संस्थागत बनाउने मार्गमा क्रियासिल छन । तदअनुरुपनलगाड नगरपालिका लोकतन्त्रको लाभलाई जनतासामु वितरण गर्दै राज्यको उपस्थितिलाई जनताको घरदैलोमा पुऱ्याउन सदैव प्रतिवद्ध छ ।साथै यस सुखद पृष्ठभुमिका विच नलगाड नगरपालिकाको गरिमामय बाह्रौ नगरसभामा नलगाड नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को बार्षिक नीति तथा कार्यक्रमसम्मानीत सभा समक्ष प्रस्तुत गर्नुपुर्व सर्वप्रथम म नगर कार्यपालिका, नगर सभा र नगरपालिकाको समग्र कर्मचारी परिवार प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

२. नेपाली जनताले पटक पटक गर्दै आएका शसस्त्र शंघर्ष, महान १० वर्षे जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, त्याग र वलिदानको गौरवपुर्ण ईतिहासलाई स्मरण गर्दैजीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रतिभावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगलिक अखण्डता, राष्ट्रिय अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीवनका लागि विभिन्न कालखण्डमा जनताको अधिकार प्राप्तिका आन्दोलनहरुबाट घाईते, बेपत्ता तथा अपाङ्गता भएका व्यक्ति र आन्दोलनमा सहभागि हुन योगदान गर्नुहुने सम्पुर्ण महान योद्धाहरुको स्मरण गर्दै उहाँहरु र अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपालीसमाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको महान योगदानको पुनःस्मरण गर्न चाहन्छु ।

३. संघीयता कार्यान्वयनको क्रममा हाम्रो नलगाड नगरपालिका आर्थिक सम्वृद्धि, सुशासन र विकासको मार्गमा निरन्तर अगाडी बढिरहेको छ । नलगाड नगरपालिका लोकतन्त्रका आधारभुत मुल्य, मान्यता, मानव अधिकारको संरक्षण, सुशासन, उत्तरदायी सरकार, भ्रष्टाचार नियन्त्रण, स्वतन्त्र न्यायपालिका, पुर्ण प्रेश स्वतन्त्रता, विधिको शासन, जनताका आधारभुत हक

अधिकारहरुप्रति प्रतिबद्ध छ । यस नगरपालिकाको समग्र विकासको लागि स्वास्थ्य, शिक्षा, कृषि लगायत समस्त क्षेत्रको विकास र विस्तारको प्रचुर सम्भावनालाई उचित व्यवस्थापन एवम् परिचालन गरी नगरको समग्र विकास र सम्वृद्धिको लागि हामी सवै दृढ संकल्पित छौ ।

४. नलगाड नगरपालिकाको दोश्रो आवाद्यिक योजनाले अङ्गीकार गरेको "**समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको शहर**"दिर्घकालीन सोच अनुरुप आर्थिक सम्पन्नता, सामाजिक न्याय, उत्पादन बृद्धि, रोजगारी सृजना, गरिवी निवारण, उद्यमशिलता विकास, वातावरण संरक्षण रआधारभुत पुर्वाधार निर्माणमा प्रस्तुत निती तथा कार्यक्रम परिलक्षित रहेको छ । प्रस्तुत निती तथा कार्यक्रम भित्र रहि तय गरिएका वार्षिक योजना तथा कार्यक्रमलाई व्यवस्थित एवं प्रभावकारी तवरले सञ्चालन र कार्यान्वयन गर्नको लागि नगरपालिका भित्रका सम्पूर्ण राजनितिक दलहरु, स्थानीय जनताहरु र सरोकारवालाहरुको सहयोग र सहकार्यको लागि नगरपालिका आव्हान गर्दछ ।

गरिमामय नगर सभाका सदस्य ज्यूहरु,

५. आ.व. २०७९।८० को नगर सभाबाट आ.व. २०७९।८० मा कार्यान्वयन हुने गरी बजेट विनियोजन भएका तर विविध कारणले निर्माण कार्य सम्पन्न हुन नसकेका स्थानीय तहबाट बजेट विनियोजन भएका योजनाहरुलाई बहुवर्षिय योजना बनाई प्राथमिकता दिई आगामी आ.व. २०८०।८१ मा बजेट विनियोजन गरिने व्यवस्था मिलाईनेछ । कतिपय कार्यसम्पन्न भएका तर भुक्तानी नभएका योजनाहरुलाई भुक्तानीको व्यवस्था मिलाइनेछ ।

६.नगरपालिकालाई दीर्घकालमा प्रतिफल दिने प्रकृतिका गौरवका आयोजनाहरु जस्तै नगरपालिकाको साझेदारीता र समन्वयमा पर्यटन पूर्वाधार निर्माण, खन्टाकुरा देखि लुम्ली सम्म होमस्टे पुर्वाधार विस्तार र संचालन, कृषि हाटबजार केन्द्रको संचालन, व्यवस्थित वस्ती विकासको कार्यक्रम, फोहोरमैला प्रसोधन केन्द्रको निर्माण तथा संचालन, तरकारी संकलन केन्द्र तथा चिस्यान केन्द्र निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ ।

७. गुणस्तरीय यातायात पूर्वाधार विकास, विस्तार र व्यवस्थापन गरिनेछ । साथै आ.व. ०८०/८१ मा वडा नं. ०९ र १३ बाहेकाका सवै वडा हरुमा कच्ची सडकको नयां ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्ने नीति लिईने छ। यस आ.व. मा प्राथमिकताकोसडक निर्धारण गरी सबै मौसममा सवारी संचालन गर्न सक्ने सडक पुर्वाधार विकासको व्यवस्था मिलाईनेछ । मुल सडकबाट वडा कार्यालय जोड्ने, स्वास्थ्य संस्था जोड्ने तथा विद्यालय जोड्ने सडकको निर्माणमा प्राथमिकता दिईनेछ ।जसका लागि सडकहरुको मर्मत र स्तरोन्नती गर्न थप योजना बनाई कार्य गर्ने व्यवस्था मिलाईनेछ। मुल सडक तथा शाखा सडकहरुको छेउ छाउ अनिवार्य वृक्षारोपन गरि हराभरा बनाउने नीति कार्यान्वयन गर्न आवश्यक कार्य गरिनेछ।

८. वडा नं. ८ मा पर्ने नगर स्तरीय खेल मैदानको व्यवस्थित निर्माण र विकास गर्न प्रदेश तथा संघीय सरकार सँगको समन्वयमा स्तरोन्नति तथा थप पूर्वाधार निर्माणमा पहल गरिनेछ ।साथै रंगशाला निर्माण तथा व्यवस्थापन कार्यलाई नगरपालिकाबाट समेत निरन्तरता दिईनेछ।

९.नलगाड नगरपालिकाको प्रशासनिक भवनमा सौर्य उर्जाको प्रयोगलाई प्राथमिकता दिईनेछ । यस नगरपालिकाले निर्माण गरेका सडकहरुलाइ स्तरोन्नती गर्ने तर्फ बिशेष जोड दिईनेछ । यसका लागि नेपाल सरकारका सम्बन्धित निकाय, सडक बोर्ड नेपाल लगायतवाट प्राप्त हुने अनुदानमा साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ । साथै नगरभित्र रहेका स्थानीय सडकको नामकरणका गर्नुका साथै सडक मापदण्ड समेत तय गरिनेछ।

१०. भौतिक पूर्वाधारहरुको निर्माण गर्दा लाभग्राही समुदायको बढी भन्दा बढी सहभागिता सुनिश्चित हुने, रोजगारीमा सघाउ पुर्याउने, निर्माण पछिको संचालन र मर्मतमा लाभग्राहीको अपनत्व सिर्जना हुने, दीर्घकालमा नगरपालिकाको आय आर्जनमा सघाउ पुर्याउने,वातावरण संरक्षण र बिपद व्यवस्थापनमा सहयोगी हुने खालका आयोजनाहरुलाई प्राथमिकता दिईनेछ।

११. खानेपानीको समस्या रहेका वडाहरुमा संघ तथा प्रदेशको समन्वय तथा स्थानीय तहमा रहेका खानेपानी सँग सम्बन्धित गै.स.स सँग समेत समन्वय गरी स्वच्छ खानेपानी सेवा विस्तार गर्ने पहल गरिनेछ । एक घर एक धाराको नीति अवलम्बन गरिनेछ ।सम्पन्न भएका खानेपानी

आयोजनाहरुको पानीको मुहान संरक्षण र सम्बर्द्धन गर्ने, पानीको स्रोतलाई लोप हुन नदिनका लागि जगेर्ना गर्ने, नियमित खानेपानी आपूर्ति र गुणस्तरीयताका लागि स्थानीय खानेपानी तथा सरसफाई समितिलाई प्रमुख जिम्मेवार तुल्याई आयोजनाहरुको दिगोपना कायम गरी खानेपानी आपुर्तिलाई सरल र सहज तुल्याईनेछ ।

१२.सार्वजनिक स्थलमा खानेपानीको श्रोत खोजी सार्वजनिक धाराको व्यवस्था मिलाउने नीति अवलम्बन गरिनेछ ।समग्रमा नलगाड नगरपालिका र सुस्वाको साझेदारीमा निर्माण वास प्लान (WASH PLAN) बमोजिम कार्य व्यवस्थित गरि सम्पूर्ण निर्माण सम्पन्न खानेपानी मर्मत सम्भारका लागि सुस्वा सँग साझेदारी गरि थप कार्य गरिनेछ । काल्लागे दल्ली लिफ्ट खानेपानी अन्तरगत प्रशासनिक भवनमा पानी टयाङ्की रहेकोमा खानेपानी आपुर्तीमा असहजता सृजना भएकोले छुट्टै बैकल्पिक स्थानमा खानेपानी संकलन टयाङ्की निर्माण तथा व्यवस्थापन गर्न आवश्यक वजेट विनियोजन गरिनेछ ।

१३. खेतीयोग्य जमीनमा सिंचाईको पहुच सुनिश्चित गर्न कुलो सिंचाई निर्माणका लागि संघ तथा प्रदेश सरकार सँग आवश्यक समन्वय गरिनेछ । अत्यावश्यक स्थानहरुमा लिफ्ट सिंचाई प्रणालीको सम्भाव्यता अध्ययन गरिनेछ । निर्माण भएका सिंचाई पुर्वाधारहरुको नियमित मर्मत सम्भारको कार्यलाई निरन्तरता दिई व्यवस्थित गरिनेछ ।

१४. निर्माण सम्पन्न पूर्वाधार हरु नियमित मर्मत गरि दिगो बनाउन मर्मत संम्भार कोषलाई बढाई सवै खाले मर्मत सम्भार कार्य नगर पालिकाबाट गर्ने गरि भौतिक संरचनाहरुको नियमित मर्मत तथा संरक्षण गरिनेछ ।

१५. सार्वजनिक यातायात तथा साना सवारी संचालन तथा व्यवस्थापन कार्यलाई आवश्यक समन्वय तथा अनुगमन गरी थप प्रभावकारी बनाईनेछ । अटो रिक्सा संचालन तथा व्यवस्थापन कार्यविधिलाई समसामयिक सुधार गरि मापदण्ड अनुरुप संचालन तथा व्यवस्थान कार्य लाई व्यवस्थित गरिनेछ ।

१६. सवै वडा कार्यालयका प्रशासनिक भवन व्यवस्थित गर्दै जनतालाई सहज र गुणस्तरिय सेवा प्रवाह सुनिश्चितताका लगि कार्य अगाडी बढाईनेछ ।

वडामा निर्माण भैसकेका र निर्माण सम्पन्न हुने पुर्वाधारहरुको गुणस्तर सुनिश्चित गर्न वडा स्तरिय संयन्त्र निर्माण गरि त्यसमा आवद्ध गरिनेछ ।

नगर सभाका सदस्य ज्यूहरु

१७. विद्यालय तथा शैक्षिक क्षेत्रमा तत्काल व्यवस्थापनको आवश्यकता रहेका विद्यालय तथा शैक्षिक क्षेत्रहरुमा शैक्षिक व्यवस्थापकिय कार्य गर्न छुट्टै **शैक्षिक व्यवस्थापन कोष** को व्यवस्था गरि आवश्यक वजेट विनियोजनको व्यवस्था मिलाईनेछ  साथै शैक्षिक व्यवस्थापन कोष संचालन कार्यविधि निर्माण गरि सोही बमोजिम कोषमा विनियोजित रकम खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

१८. पाठ्यक्रमले निर्धारण गरे बमोजिमको समय तालिका अनुसार विद्यालयहरुमा सिकाइ कार्यको निरन्तरता दिइने छ । जसको लागि सरोकारवाला निकाय तथा पदाधिकारीहरुबाट नियमित अनुगमन सुपरिवेक्षण गरिने छ ।

१९. शिक्षा ऐन, नियमावली बमोजिम न्यूनतम मापदण्ड पुरा नगरेका **बिद्यालयहरुको पुनः संरचना** गरि उपयुक्त, व्यवस्थित तथा मापदण्ड अनुकुलका शैक्षिक संस्थाहरु मार्फत शैक्षिक गुणस्तर कायम गर्न विद्यालय तह मिलानका कार्य गरिने छ ।

२०.विर्षयगत शिक्षण सिकाइलाइ प्रभावकारी बनाउन माद्यमिक र आधारभुत तहमा अध्यापन गराउने गणित, विज्ञान, अंग्रेजी र सामाजिक शिक्षकहरुको **विर्षयगत शिक्षणलाई सहजीकरण गर्न शिक्षक तालिम** संचालन गरी सिकाइ उपलब्धीमा सुधार ल्याइने छ ।

२१. स्थानीय स्तरको आवश्यकता र सम्भाव्यताको अध्ययन गरी स्थानीय पेशा, व्यवसायलाई सिकाई संग जोड्न, सिकाई र कमाइ (Learning to Earning) अवधारणा अनुरुप **स्थानीय पाठ्यक्रम निर्माण** गरि नमुनाको रुपमा लागु गरिने छ ।साथै नयाँ पाठ्यक्रमको जानकारी प्रदान गर्न **पाठ्यक्रम प्रवोधिकरण तालिम** संचालन गरिने छ ।

२२. विद्यालय बाहिर रहेका,जोखिममा परेका, टुहुरा तथा अति अशक्त बालबालिकाहरुको तथ्यांक संकलन गरि त्यस्ता बालबालिकाहरुलाई शैक्षिक मुल प्रबाहिकरणमा समाहित गर्न उपयुक्त शैक्षिक प्याकेज मार्फत शिक्षा प्राप्तिको नैसर्गिक अधिकारको सुनिश्चितता गरिने छ ।

२३. यस नगरपालिका भित्र संचालन हुने सम्पुर्ण शैक्षिक गतिविधिहरुलाई एकिकृत गरि शैक्षिक सूचना र जानकारी आम जनसमुदायहरु माँझ सम्प्रेषण गर्न शैक्षिक सूचना संगालोको रुपमा **'नलगाड शैक्षिक दृष्टिकोण'** नामक स्मारिका प्रकाशन गरिने छ ।

२४.यस नगरपालिका स्थित दरबन्दी रहित विद्यालय र बालबिकास केन्द्र नभएका विद्यालयहरुमा चालु आ.व.मा झैं आगामी आ.व. २०८०।०८१ मा पनि अनुदानलाई निरन्तरता दिइने छ ।

२५.यस नगर भित्र संचालित विद्यालयहरुमा कार्यरत विद्यालय कर्मचारीहरु : बालविकास शिक्षक, विद्यालय लेखा सहायक, विद्यालय सहयोगीहरुलाई न्युनतम् तलबस्केलको व्यवस्था गर्न आवश्यक पर्ने रकम थप गरी न्युनतम तलब स्केल १५,०००। (पन्ध्र हजार) पुर्‍याइने छ ।

२६. विद्यालय संग सम्बन्धित सरोकारवालाहरुमा विविध शैक्षिक व्यवस्थापन लगायत स्वास्थ्य र सरसफाइ सम्बन्धि मानवीय संवेदनशिलता अभिवृद्धिको लागी अभिभावक सचेतनामूलक कार्यक्रम विद्यालय स्तरमा संचालन गरिने छ ।

२७. विद्यालयहरुमा शैक्षिक सूचना तथा तथ्याँकहरुको अभिलेख व्यवस्थापन गर्न आए इ. एम. आइ. एस.(IEMIS)सम्बन्धि कार्यशाला संचालन गरिने छ ।

२८. नगर स्तरमा संचालन गरिने आधारभुत शिक्षा उत्तीर्ण परीक्षालाई अझ व्यवस्थित मर्यादित र विश्वसनीय बनाउन क्लस्टर प्रणाली अपनाई परीक्षा केन्द्र संचालन गरि प्राप्त नतिजाको विश्लेषण मार्फत शैक्षिक गुणस्तरमा आवश्यक सुधारका कार्यक्रमहरु संचालन गरिने छ ।

२९. नगर स्तरमा किशोर युवा युवतीहरुको शारिरीक तथा मानसिक आवस्थामा सुधार गर्ने हेतुले मा.वि. स्तरिय **नगर प्रमुख खेलकूद प्रतियोगिता**श्री त्रिभुवन मा.वि. दल्लीमा संचालन गरिने छ ।

साथै नगर स्तरिय खेलकुद विकास समिती गठन गरि खेलकुद क्षेत्रको विकासमा आवश्यक परिचालन गरिनेछ ।

३०.विद्यालयहरुका सूचना जानकारी नगरसम्म र केन्द्र, प्रदेश, जिल्ला र नगरस्तरका सुचना निर्देशन तथा जानकारीहरु विद्यालयहरु समक्ष सम्प्रेषण गर्ने र समग्र शैक्षिक प्रगतिको समिक्षा गर्न **चौमासिक रुपमा घुम्ती प्रधानाध्यापक बैठकको** आयोजना गरिने छ ।

३१.नगरको आगामी शैक्षिक कार्यदिशा निर्देशका लागी सरोकारवाला सबैको संलग्नतामा शैक्षिक नीति निर्माण गरिने छ । सोको लागी नगरमा संचालित सम्पूर्ण विद्यालय व्यवस्थापन समितिका अध्यक्षले नगर शिक्षा समितिका अध्यक्ष समक्ष र विद्यालयका प्रधानाध्यापकले नगर शिक्षा शाखा बीच **शैक्षिक गुणस्तर करार सम्झौता** गरिने छ ।साथै गुणस्तरीय शिक्षाका लागि विद्यालयमा प्रध्यानाध्यापक र विर्षयगत शिक्षक बीचमा सूचक सहित कार्यसम्पादन करार गरिनेछ । मासिक रुपमा सो सुचक सहितको कार्य प्रगति नगरपालिकामा पेश गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

३२. विद्यालयहरुमा राख्नुपर्ने आर्थिक तथा जिन्सी श्रेस्ताको अभिलेख व्यवस्थापन सम्बन्धि जानकारी दिन  विद्यालय सहायक (लेखापाल) र प्रधानाध्यापकहरुलाई २ दिने कार्यशाला गोष्ठी संचालन गरिने छ ।

३३. नमुना विद्यालय विकास सम्बन्धि नवीनतम् अवधारणा तथा नेपाल सरकारको निर्धारित मापदण्ड बमोजिमको दीर्घकालीन नमुना विद्यालयको विकास गर्न हालको नमुना विद्यालय कार्यक्रममा पुर्नरविचार गरि एकिकृत क्लस्टर प्रणाली अनुसारको **आवाशिय नमुना विद्यालय विकास कार्यक्रमको** लागि आवश्यक पहल र तयारी गरिने छ ।

३४. यस आ.व. देखि विद्यालयहरुमा लागु भइरहेको दिवा खाजा कार्यक्रम नगदमा आधारित भई संचालन  भइरहेकोले दिवा खाजा संग सम्बन्धित मापदण्ड अनुसार संचालन र व्यवस्थापन गर्न त्यस संग सम्बन्धित खाजा व्यवस्थापन समिति तथा विद्यालय सहयोगीहरुको क्षमता विकास गर्न **२ दिने कार्यशाला गोष्ठीको** आयोजना गरिने छ । साथै खाद्यवस्तु ढुवानीको लागि आवश्यक सहायता अभिवृद्धि गरिने छ ।

३५. शिक्षकहरुले प्रत्येक बर्ष अनिवार्य रुपमा गर्नुपर्ने कार्यहरु निकासा, का.स.मु. फाराम, सामाजिक परिक्षण, लेखापरिक्षण जस्ता कार्यहरुमा एकरुपता तथा दक्षता अभिवृद्धि गर्न उपलब्ध जनशक्ति परिचालन गरी  अभिलेखिकरणमा सुधार गरिने छ ।

३६. नगरको उत्कृष्ट विद्यालय र सबै किसिमले कमजोर विद्यालय वीच एकआपसमा अनुभव आदान प्रदान गर्न सबै सरोकारवालाहरुको **संयुक्त अनुगमन भ्रमण** गरिने छ । जसले एक आपसमा शैक्षिक व्यवस्थापन गर्न टेवा पुग्ने छ ।

३७. यस नगरपालिका वडा नं. ४ पिपलचौरमा संचालित एक मात्र अपांग मैत्री विशेष आवासिय विद्यालयमा विद्यार्थीहरुको व्यवस्थापन गर्न आवश्यक पर्ने अनुदान रकमलाई निरन्तरता दिइने छ ।

३८. शिक्षालाई प्रविधि संग जोड्न विद्युतीय कलास, अनलाइन कलास, पावरप्वाइन्ट तयारी र प्रस्तुतीकरण सम्बन्धि क्षमता अभिवृद्धि गर्न ३ दिने कार्यशाला गोष्ठीको आयोजना गरिने छ ।

३९. दरबन्दी नभएका मा.वि., आ.वि. र प्रा.वि. विद्यालयहरुमा कम्तिमा एक शिक्षकको व्यवस्थापन हुनेगरी अनुदान रकमको व्यवस्था गरिने छ ।

४०. आगामि ५ बर्षमा टिनको छानामुक्त विद्यालय अभियान अन्तरगत कम्तिमा १० विद्यालयहरुको पुनः निर्माण र अन्य विद्यालयहरुमा रंगरोगन सरसफाइ को मापदण्ड पुरा गरिने छ ।

४१. सिकाइलाइ कक्षाकोठा केन्द्रित गरी विर्षय विज्ञ समूह तथा रोष्टर प्रशिक्षकहरुबाट नमुना कक्षा, सिकाइ सहजीकरण पृष्ठपोषण प्रदान गरिने छ ।

४२. बालविकास शिक्षक र आधारभुत तहमा कार्यरत शिक्षकहरुको लागि शैक्षिक सामग्री निर्माण कार्यशाला संचालन गरी सिकाइ कार्यलाई बालमैत्री मनोरञ्जनात्मक, सिर्जनात्मक र व्यवहारिक बनाइने छ ।

४३. नगर स्तरमा प्रतिभा पहिचान कार्यक्रम अन्तरगत मा.वि., आ.वि. र प्रा.वि. तहगत रुपमा प्रतिष्प्रर्धात्मक प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट विद्यार्थी र विद्यालयहरुलाई उचित प्रोत्साहन

गरिने छ । साथै प्राविधिक शिक्षा लागु भएका विद्यालयहरुमा कमाउदै पढ्दै कार्यक्रमलाई श'रु गर्न आवश्यक कार्य गरिनेछ ।

४४. कोही पनि वालवालिकाहरु खोपवाट वन्चित नहुन भन्नका लागि पूर्णखोप सुनिश्चितता र दिगोपन कार्यक्रमलाई निरन्तरता दिईने छ ।

४५. वालवालिकहरुमा पोषण अवस्था सुधारको लागि स्वास्थ्य सस्थाहरुलाई पोषण मैत्री स्वास्थ्य सस्था घोषणा गर्दै जाने र कुपोषणको समस्यालाई समयमै पहिचान गरि उपचारका लागि महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई परिचालन गरि पोषण लेखा जोखा कार्यक्रमहरु सचालन गरिने छ ।

४६.घरमै हुने सुत्केरीमा कमी गर्न अर्थात (० **जिरो होम डेलिभरी वडा घोषणा**) का लागि मातृ तथा बाल स्वास्थ्य सेवा समुन्वयका लागि मोवाईल स्वास्थ्य कार्यक्रम सचालनमा गरिने छ ।

४७. स्वास्थ्य सस्थामा आएर गर्भवति जाँच तथा सुत्केरी हुने आमाहरुलाई दिईदै आइरहेको यातायात खर्च र पोषण प्याकेज कार्यक्रमलाई निरन्तरता दिईने छ । मातू मृत्यू र वाल मृत्य दरमा कमी ल्याउन गर्भवति तथा सुत्केरी आमाहरुलाई **निःशुल्क एम्वुलेन्स सेवा** लाई निरन्तरता दिईने, गर्भवति तथा सुत्केरी महिलाहरुलाई निःशुल्क क्याल्सियम चक्की वितरण गरिनेछ । सस्थागत सुत्केरी हुने आमाहरुलाई समयमै यातायात खर्च उपलव्ध गराउन अक्षयकोषको स्थापना गरिनेछ ।

४८. सुत्केरी पछिको सेवालाई व्यवस्थित गर्न सुत्केरीको घरमै पुगी नरर्सिङ कर्मचारी द्वारा सुत्केरी तथा नवजात शिशुको जाँच र परामर्श सेवालाई निरन्तरता दिनुका साथै सचालनमा रहेका वर्थिङ सेन्टहरुलाई व्यवस्थित गर्दै जाने र आाधारभुत स्वास्थ्य सेवा केन्द्रहरुलाई पनि क्रमश :वर्थिड सेन्टर घोषणा गर्दै सेवा सचालन गर्दै लगिनेछ ।

४९. असुरक्षित गर्भवपतनका कारणले हुने मातृ मुत्यूदरलाई कम गर्न सुरक्षित गर्भपतनका लागि स्वास्थ्य सस्थाहरुलाई सुचिकृत गर्दै सेवा सचालन गरिने छ ।

५०.किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य संम्वन्धि समस्याहरुलाई पहिचान गर्न र उपचारका लागि किशोर किशोरी मैत्री स्वास्थ्य सस्था घोषणा गर्दै जाने साथैकिशारीहरुको प्रजनन स्वास्थ्यमा सुधार गर्नका लागि **किशोरी सँग उप प्रमुख** कार्यकम विद्यालयस्तरमा संचालन गरिने छ ।

५१.महिलाहरुमा देखिएको पाठेघर खस्ने समस्याका कारण पाठेघरको मुखको क्यान्सरको निःशुल्क शिघ्र पहिचान र प्रारम्भिक उपचारका लागि स्वास्थ्य शिविर सचालन गरि जटिलता भएका महिलाहरुलाई सुविधायुक्त अस्पतालमा उपचारको लागि व्यवस्था मिलाईनेछ ।

५२.हाल सर्ने रोग भन्दा नसर्ने रोगहरुको जस्तै : **मुटु रोग,क्यान्सर,उच्चरक्तचाप, मधुमेह र मानसिक रोग** जस्ता रोगहरुको समस्या वढ्दै गएकोले यस्ता रोगहरुको समयमै पहिचान गरि स्वास्थ्य प्रवर्द्धन, रोगथाम र उपचारको व्यवस्था गर्नूका साथै विद्यालयहरुमा र समुदाय स्तरमा जनचेतनामुलक कर्यक्रमहरु सचालन गरिने छ ।

५३. मानसिक रोगका कारणले वढ्दै गएको आत्म हत्यालाई रोक्न तथा न्यूनिकरण गर्नका लागि मानसिक स्वास्थ्य तथा मनोसामाजिक निति ल्याई सोही निति अनुसारको रणनिति सहितको कार्ययोजना वनाई कार्यन्वयन गरिने छ ।

५४. स्वास्थ्यको जगको रुपमा चिनिने महिला स्वास्थ्य स्वंयम् सेविकाहरुको क्षमता अभिवृद्धि गर्न तथा मनोवल वढाउन दिदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिईने छ र आफ्नो सेवा अवधि पुरा भई अवकाश भएकालाई र कम्तिमा १० दश वर्ष सेवा अवधि पुरा गरि स्वःइच्छा अवकाश हुन चाहाने महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई प्रोत्साहन स्वरुप रकमको व्यवस्था पनि गरिनेछ ।

५५. स्वास्थ्य सस्थाहरुवाट दिदै आईरहेका सेवाहरुलाई व्यवस्थित गर्न र सक्रमण रोगको रोगथामको व्यवस्थापन गर्न अत्यावश्यक औषधि लगाएत आवश्यक औजार उपकरणहरु उपलव्ध गराईनेछ । गुणस्तस्तरिय सेवा दिनका लागि सवै स्वास्थ्य सस्थाहरुमा न्यूनतम मापदण्ड सेवा कार्यक्रमलाई विस्तार गरिदै लगिनेछ ।

५६. जेष्ठ नागरिकहरुलाइ घरमै गएर वा टोल वस्तीमा एकिकृत गरि निशुल्क स्वास्थ्य परिक्षण गरि उपचारको व्यवस्था गरिनेछ ।

५७. स्वास्थ्य विमालाई व्यवस्थित गर्न जनप्रतिनिधि र कर्मचारीहरु र शिक्षकहरलाई अनिवार्य विमा गर्नु पर्ने प्रावधान ल्याईने र प्रत्येक वडाले वडामा वसोवास गर्ने सवैलाई विमाको दाहेरामा ल्याउन जनचेतना मूलक कार्यक्रमहरु सचालन गरिनेछ ।

५८. आँखा उपचार सेवालाई व्यवस्थित गर्दै आँखा सम्वन्धि विद्यमान समस्याको रुपमा रहेको मोतिविन्दु रोगको लागि सरकारी तथा गैर सरकारी संघ सस्थाहरु सग समन्वय गरि मोतिविन्दु शल्यक्रिया शिविर सचालन गरिनेछ।

५९. नलगाड नगरपालिकाका सम्पुर्ण वडाहरुमा आयुर्वेद सेवाको पहुँच विस्तार गर्न र विभिन्न किसिमका नसर्ने रोग व्यवस्थापनका लागि नगरपालिकाको कम्तिमा चार (४) स्थानमा प्रत्यक महिनाको २ पटक **गाँउघर आयुर्वेद स्वास्थ्य क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रम** सन्चालन गरिनेछ ।

६०. स्वस्थवृत्त,सदवृत,आचार रसायन,आयुर्वेद जीवनशैली सम्बन्धी सचेतना,स्थानीय तहमा उपलब्ध हुने जडिबुटीको उपयोगीताका तथा विद्यालय स्तरदेखि नै योग शिक्षाका बारेमा जानकारी दिन पालिकाका सवै माध्यमिक विद्यालयहरुमा **विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम**लाई सञ्चालन गरिनेछ साथै विद्यालयका प्रधानाध्यापक तथा स्वास्थ्य शिक्षकहरुका लागि आयुर्वेद सम्वन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ ।**मेरो स्वास्थ्य मेरो जिम्मेवारी** भन्ने मूल नाराका साथ जीवन शैली र आहार विहारका कारण हाल स्वास्थ्य चुनौतिको रुपमा रहेका विभिन्न किसिमका नसर्ने रोगका साथै शारिरीक तथा मानसिक समस्याहरुको व्यवस्थापनका लागि पालिकाका मुख्य २ स्थानमा **वृहत योग शिविर** सञ्चालन गरिने छ ।

६१.जेष्ठनागरिकहरुको सम्मान स्वरुप वृद्धावस्थामा देखा पर्ने विभिन्न किसिमका शारिरीक तथा मानसिक समस्याको व्यवस्थापनका लागि नियमित स्वास्थ्य परिक्षण, स्वास्थ्य प्रवर्धन गर्ने रसायन एवं शक्तिवर्द्धक औषधि वितरण गर्ने उद्देश्य अनुरुप **नगरप्रमुख सँग जेष्ठनागरीक कार्यक्रम**

सञ्चालन गरिने छ ।साथै मातृ शिशु मृत्युदर न्यूनिकरण तथा भबिश्यमा हुने कुपोषण जन्य रोगबाट बचाउनका लागि प्रयाप्त मात्रामा दुध नआउने समस्या भएका स्तनपान गराईरहेका ६ महिना सम्मका सुत्केरी आमाहरुलाई दुग्धवर्धक औषधि वितरण गर्ने हेतुले **नगरउपप्रमुख सँग स्तनपायी आमा कार्यक्रम** सञ्चालन गरिने छ ।

६२. **स्वस्थ नगरवासी-समृद्ध नगर** भन्ने अभिप्रायका साथ स्थानिय जनतालाई आयुर्वेद चिकित्सा तथा योग सम्वन्धि आर्कषण वढाई स्वस्थ जीवन जीउन प्रेरित गर्ने अभिप्रायले **घर -घरमा योग र जडिवुटी कार्यक्रम** लागु गरिने छ ।साथै आयुर्वेद सेवालाई थप प्रभावकारी बनाउन व्यायामशाला, आरोज्ञ केन्द्र र योग केन्द्र स्थापना गर्न प्रोत्साहित गर्ने कार्यलाई निरन्तरता दिईनेछ

६३. लैंगिक समानता तथा सशक्तीकरण मापन सुचकहरु तयार गरी अनुगमन तथा मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।महिला विरुद्ध हुने सवै प्रकारका हिंसा शोषण र विभेद विरुद्धको कानुनी उपचार प्रणालीलाई सहज छिटो र पहूँच योग्य बनाइनेछ ।**सिपयुक्त र दक्ष महिला नगर समृद्धिको पहिलो पाइला** भन्ने नारालाई आत्मसाथ गर्दै महिलाहरुको क्षमता विकास गरि आय आर्जनका लागि सीपविकास तथा आयमुलक कार्यक्रमहरु तय गरिनेछ ।

६४.बालबालिकाको आपतकालीन उद्धार र संरक्षणका लागि बालबालिका खोजतलास तथा हेल्पलाइन सेवा विस्तार गरी विद्यालयदेखि सर्वसाधारणसम्म पहुच अभिवृद्धि गरिनेछ । किशोरीहरुको समस्या पहिचान गरि उनिहरुको सक्षमता अभिबृद्धिका लाीग विद्यालयस्तरमा **किशोरीहरु सँग नगर उप प्रमुख कार्यक्रम** संचालन गरिनेछ ।

६५.महिला हिंसा, घरेलु हिंसा तथा लैङ्गिक असमानतालाई न्यनीकरण तथा सामाजिक विभेद अन्त्य गर्नको लागि बहस, पैरवी तथा चेतनामूलक अभियान संचालन गरिनेछ ।बालविवाह बालश्रम विरुद्ध अभियान सञ्चालन गरिनेछ ।

६६. बालमैत्री स्थानीय शासन लागु गरी वि.स. २०८३ सम्म नलगाड नगरपालिका सवै वडा बालमैत्री वडा घोषणा गरिनेछ ।

६७.आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, जनजाति, जेष्ठ नागरीक, अपांगता भएका व्यक्ति, अल्पसंख्यक समुदायको सामाजिक र आर्थिक उत्थानमा जोड दिईनेछ । एक वडा एक नमुना महिला समुह कार्यक्रम संचालन तथा कार्यान्वयन गरिनेछ । महिलाहरुका सवै खाले समस्याहरुको पहिचान तथा महिला शसक्तिकरणका लागि महिला सँग नगर उप प्रमुख कार्यक्रम संचालन गरिनेछ ।

६८. द्वन्द्व प्रभावित परिवार तथा द्वन्द्वका कारण भएका विभिन्न प्रकारका अपांगता भएका व्यक्तिहरुको सुचिकृत गरी जटिल समस्यामा रहेका तर राज्यकोषको सुविधा विमुख रहेका घाईतेहरुलाई उपचार राहत उपलब्धताका लागि आवश्यक व्यवस्थापन गरिनेछ । शिक्षण सिकाई पद्धति अपांगमैत्री बनाइनेछ । साथै अपांगता परिचय पत्र अनलाईन प्रणालीमा आधारित बनाउन थप कार्य गरिनेछ । अपांगता भएका व्यक्तिहरुलाई आवश्यकताका आधारमा सहायक सामाग्री वितरण गर्न आवश्यक बजेटबो व्यवस्था गरिनेछ ।

६९.जेष्ठ नागरीकहरुको आत्मसम्मान अभिबृद्धिको लागि **नगरसँग बा आमा कार्यक्रम** संचालन गरिनेछ । गरपालिकामा जेष्ठ नागरीक सेवा लिन आउँदा जेष्ठ नागरीक मैत्री व्यवहार सहितको सेवा प्रदान गरिनेछ । नगरपालिका भित्रका सवै जेष्ठ नागरिकहरुलाई स्वास्थ्य विमाको दायरामा ल्याइनेछ । साथै जेष्ठ नागरिक संरक्षण निती निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।जेष्ठ नागरिकको ज्ञान सीप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।

७०.विकासका हरेक प्रकृयाहरुमा सामाजिक सद्भाव र सामाजिक एकीकरण अभिवृद्धि गर्दै रुपान्तरणकारी भूमिकामा युवाशक्तिलाई परिचालन गरिनेछ । युवाहरुको क्षमता विकास र सशक्तिकरणका साथ उत्पादनमूलक कार्य र आयआर्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ । प्रतिभावान खेलाडीको पहिचान गरी क्षमता विकास र प्रोत्साहन गरिनेछ ।

नगर सभाका सदस्य ज्यूहरु,

७१..स्थानीय सम्भाव्यता तथा आवश्यकताका आधारमा पहिचान गरि घोषणा गरिएका विभिन्न बालीको पकेट विकास क्कार्यक्रम सञ्चालन गरि ब्लक र जोनको रुपमा विकास गर्न नलगाड कृषि विकास विशेष कार्यक्रमू लाई निरन्तरता दिनुका साथै थप विस्तार गरिनेछ ।

७२.. **अर्गानिक खेतीमा जोड नलगाडको अठोट**भन्ने नारालाई आत्मसाथ गर्दै स्थानीय रैथाने बाली जस्तैः कोदो, फापर, कालो धान लगायतका अन्य बालि बस्तुको संरक्षण र प्रवर्द्धन गरि अर्गानिक उत्पादन र उत्पादकत्व बृद्धिको लागि नलगाड अर्गानिक कृषि कार्यक्रम सञ्चालन गरिनेछ ।

७३. कृषिको उत्पादन तथा उत्पादकत्व बृद्धिमा गुणस्तरिय बीउको अहम भुमिका रहने भएको र बाह्य स्थानबाट आयात हुने बीउलाई प्रतिस्थापन गर्न बीउ उत्पादन गर्ने कृषकहरुलाई अनुदान दिने व्यवस्था मिलाईनेछ ।

७४. कृषिको उत्पादन लागत घटाउन तथा कृषि क्षेत्रमा प्रयोग भएको मानब श्रमलाई अन्य उत्पादनमूलक क्षेत्रमा लगाउन लैङ्गिक मैत्री कृषिमा यान्त्रीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

७५. स्थानीय सरकार र अन्य साभ्हेदार निकायको समन्वय र साभ्हेदारीमा स्थलगत माटो परिक्षण गरि माटो सुहाउँदो कृषि उत्पादनलाई जोड दिइनेछ । रोग, किराबाट हुने क्षतिलाई कम गर्न आवश्यकताका आधारमा बाली उपचार शिविर सञ्चालन गरिनेछ ।

७६. स्थानीय कृषि उपजहरुको बजारीकरणका लागि संघ र प्रदेशको सहकार्यमा नगरपालिका भित्र कम्तीमा एक वटा शीतगृह स्थापनामा जोड दिइनेछ । व्यवसायिक तथा सामूहिक खेती गर्ने कृषकहरुका लागि आफ्ना उत्पादनलाई सहज रुपमा बजारसम्म पुर्याउनका लागि ढुवानीमा अनुदान दिने व्यवस्था मिलाईनेछ । कृषि एम्बुलेन्स सञ्चालनमा ल्याउन आवश्यक पहल गरिनेछ।

७७.**खनौ आफ्नै माटो अन्त्य गरौ विदेश जाने बाटा** अभियान अन्तर्गत कृषियोग्य भूमिको पूर्ण उपयोग सुनिश्चित गर्न नगरभित्र रहेको बाँभ्हो जमिनको अधिकतम उपयोग गरिनेछ र जमिन बाँभ्हो राख्ने कार्यलाई निरुत्साहन गरिनेछ ।

७८. किसान सूचिकरण कार्यक्रमलाई निरन्तरता दिदै सूचीकृत किसानलाई निश्चित मापदण्डको आधारमा व्यावसायिक र व्यवसायउन्मुख कृषक पहिचान गरि कृषि तथा पशुपन्छि विकास मन्त्रालयसंगको समन्वयमा कृषक परिचय पत्र वितरण कार्य शुरु गरिनेछ ।

७९. एक वडा एक विशेष उत्पादन नीतिलाई अगाडि बढाईनेछ । कृषि विमा कार्यक्रम सञ्चालन गरिनेछ । कृषकले आफ्ना कृषि बालीहरुको बीमा गर्दा लाग्ने प्रिमियम शुल्कमा अनुदान दिने व्यवस्था मिलाइनेछ

८०.**प्रदेशको ज्ञान नलगाडको माटोमा योगदान** भन्ने नारालाई आत्मसाथ गर्दै बैदेशिक रोजगारबाट फर्केका तथा बेरोजगार यूवाहरुलाई कृषि पेशा तर्फ आकर्षित गर्नका लागि सामूहिक तथा व्यवसायिक खेती गर्न चाहनेलाई अनुदान दिने व्यवस्था मिलाईनेछ ।

८१.आर्थिक तथा सामाजिक रुपले पछि परेका विपन्न तथा सीमान्तकृत कृषकहरुका लागि उनीहरुको आयस्तर बृद्धि गर्न नगर प्रमुख किसान कार्यक्रम सञ्चालन गरिनेछ । नगर प्रमुख कृषक पुरस्कारलाई निरन्तरता दिदै उत्कृष्ट कृषक, कृषक समूह, कृषि फर्म र कृषि सहकारी संस्थालाई पुरस्कृत गरिनेछ ।

८२. कृषकहरुको क्षमता अभिबृद्धि गर्ने तथा प्रविधि हस्तान्तरणका तालिमहरु सञ्चालन गरिनेछ । व्यावसायिक कृषक, व्यवसाय उन्मुख कृषक उत्पादन गर्न कृषकलाई उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रममा अनुदान प्रदान गरिनेछ । साथै व्यवसायिक खेती, सामूहिक खेती तथा जमिन भाडामा लिई खेती गर्न इच्छुक कृषकलाई अनुदानको व्यवस्था गरिनेछ ।

८३. मौरीपालन व्यवसायलाई प्रवर्द्धन गर्नमा जोड दिइनेछ । मौरीपालन विशेष कार्यक्रम सञ्चालन गरि प्राङ्गारिक मह उत्पादन, प्रशोधन तथा बजारीकरणमा जोड दिइनेछ ।

८४. तेलहन बालीलाई प्रवर्द्धन गर्नमा जोड दिइनेछ । तेलहन बाली विशेष कार्यक्रम सञ्चालन गरि उत्पादन, प्रशोधन तथा बजारिकरणमा जोड दिइनेछ ।

८५. स्वस्थकर पशुपन्छी जन्य मासु, अण्डा र दुध उत्पादनको लागि स्वस्थ पशुपन्छी उत्पादन हुनुपर्ने तथ्यलाई मध्यनजर गर्दै पशुपन्छी स्वास्थ प्रर्वद्धन को लागी घरपालुवा पशुपन्छीमा लाग्ने सामान्य रोग र आकस्मिक रुपमा फैलिने महामारी जन्य रोगहरु पि.पि.आर. खोरेत, चरचरे, भ्यागुते, रेविज, लम्पि स्किन आदि जस्ता रोगहरु बाट हुने क्षति लाई रोकथाम नियन्त्रण र निशुल्क उपचार सेवा परिपुर्ति गराईने छ साथै रोग र परजिवि पहिचानको लगी गुणस्तरिय प्रयोगशाला संञ्चालान गरिने छ।

८६.जनचेतना तथा सन्देश मुलक सुचना प्रवाहबाट प्राण घातक जुनोसिस रोगहरु बाट सुरक्षित रहन सहयोगी भूमिका निर्वाह गरिने छ ।

८७. बधुवा पशुपन्छी पालन प्रणालीलाई प्रोत्साहन गरि वातावरण तथा जलवायू अनुकुलन मैत्री पशुपन्छी पालनमा प्रेरित गर्न स्थानिय उन्नत घासको विउविरुवा उपलब्ध गराई व्यवसायीक पशुपन्छी पालनमा जोड दिईने छ ।

८८. आय आर्जन, खाद्य सुरक्षातथा पोषण सुधारका लागी डवल प्रपोज जातका कुखुराका चल्लाहरु वितरण लाई जोड दिइने छ। साथै कृषकको जिवनस्तर उठाउन बाखा पैँचो जस्ता कार्यक्रम संचालनमा जोड दिइने छ।

८९. पशुनश्ल सुधारका लागी कृत्रिम गर्भाधारण कार्यक्रम लाई कृषक तथा नगरपालिकाको साझेदारिमा थप व्यवस्थित तरिकाले विस्तार गरि संञ्चालन गरिने छ । साथै प्राकृतिक गर्भाधान सेवामा उन्नत बोका, रांगो, बंगुर, उन्नत पशुपन्छीको संख्यामा वृद्धि गराई कम लागतबाट धेरै उत्पादनमा जोड दिई उत्पादकत्व बढाईने छ । शाखाबाट हुने पशु उपचारको पहुँच देखि टाढा रहेका तथा पशुपालनको पकेट क्षेत्रमा रहेका स्थानमा निशुल्क पशुस्वास्थ शिविर मार्फत सेवा प्रवाह गरिने छ।

९०. उत्पादनसिल बाखा स्रोत केन्द्रको स्थापनामा जोड दिइने छ र पशुपन्छि र मत्यपालनको पकेट क्षेत्रको संभाव्यताको वारेमा अध्य्यन गरि १३ वटै वडाका क्षेत्रहरुमा आवश्यकता अनुसार पकेट क्षेत्र घोषणा गरि नलगाडमा पशुपालई व्यापक रुपमा विस्तार गरिने छ।

९१. व्यवसायिक तथा व्यवसाय उन्मुख पशुपालक कृषकहरुको ज्ञान सिप र क्षमतालाई अभिवृद्धी गर्न विभिन्न पशुपालन सम्बन्धी क्षमता अभिवृद्धीका तालिम तथा सचेतनामूलक कार्यक्रम संचालन गरिने छ।नेपाल सरकारको एक वडा एक पशु सेवा प्राविधिकको अवधारणालाई ध्यानमा राखि प्रतेक वडाहरुमा पशु सेवा प्राविधिक व्यवस्था गरि सेवा विस्तार गर्न थप पहल गरिनेछ।

९२. पशुपन्छिहरुमा आकस्मिक मृत्यू बाट हुने क्षेतिको जोखिमलाई न्यूनिकरणको लागि पालिका भित्र पालियका पशुपन्छीहरुको अनिवार्य बिमा गराउने तर्फ कृषकहरुलाई प्रेरित गर्ने कार्यलाई जोड दिईने छ।

९३. लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास सम्वन्धि व्याबसायिक तालिम प्रदान गर्नुका साथै सफल उद्यमीहरुका अनुभव आदान प्रदान गर्ने तथा आवश्यक औजार, यन्त्र, उपकरण प्रदान गरी व्यवसायिकताको विकास गरिनेछ ।

९४. परम्परागत ज्ञान तथा मौलिक सीपमा आधारित लघु तथा घरेलु उद्योगलाई पूँजीकरण गर्दै प्रविधि हस्तान्तरण तथा बजार संरक्षण एवम् बजारिकरण मार्फत प्रर्वद्धन गरिनेछ ।

९५.जलबायू परिवर्तन अनुकुनलन हुने गरी सिंचाई योजनाहरुको विकास एवम् विस्तार गर्न सिंचाई गुरुयोजना तर्जुमा गरि जलवायू परिवर्तन अनुकुलन सिंचाई योजनाहरु निर्माण गरिनुका साथै उपयुक्त प्रविधि सहितको सिंचाई सुविधा विस्तार गरिनेछ ।

नगर सभाका सदस्य ज्यूहरु,

९६. आर्थिक समृद्धिको प्रमुख आधार पर्यटन भएकोले पर्यटकीय क्षेत्रहरुको समग्र विकासका लागि आवश्यक पूर्वाधार संरचनाहरु निर्माण गरिनेछ ।

९७. नगरपालिका भित्र पर्यटन प्रवर्द्धनका लागि प्राकृतिक, साँस्कृतिक, धार्मिक ,शैक्षिक आदि गन्तव्य स्थलको पहिचान गरी आवश्यक सुधार गरिनेछ । नलगाडको पहिचान र चिनारीको रुपमा रहेका र महत्वपूर्ण पर्यटकीय क्षेत्रहरु खन्टाकुरा देखि लुम्लीसम्म वडा नं. ५ र वडा नं. १ को छरिताल व्यवस्थापन, वडा नं. ०७ र १२ मा रहेको माई भगवती मन्दिर, वडा नं. ०८ मा

रहेको तातोपानी मुहान को पुर्बाधार विकास, संरक्षण र प्रबर्धनको लागि प्रदेश सरकार र संघ सरकार संगको समन्वयमा कार्यक्रम संचालन गरिनेछ ।

९८. पर्यटकीय गन्तव्यहरुको प्रर्वद्धन गर्न नगरपालिका स्तरीय पर्यटन गुरुयोजना निर्माण गरि पर्यटकीय गन्तव्यहरुको प्रर्वद्धन गर्न पर्यटकीय पूर्वाधार निर्माणका लागि डिपिआर तयारी गर्ने, एवम् यस क्षेत्रको प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक पक्षहरुलाई समेटी डकुमेन्ट्री फिल्म निर्माण तथा ब्रोसर प्रकाशन गरी पर्यटकीय सम्भावनाको प्रचार प्रसार, संरक्षण र प्रवर्द्धन गर्न कार्यक्रम संचालन गरिनेछ । साथै वडा नं ०५ को खन्टाकुरामा होमस्टे संचालन भएका घरहरुमा एउटै रङ्ग लगाउने व्यवस्थामा जोड दिइनेछ।

९९. नलगाड भित्रको परम्परागत लोक संस्कृतीहरुको जगेर्ना गर्न, लोपोन्मुख जाति, आदिवासी, जनजातिको भाषा, संस्कृति र धर्मको संरक्षण र विकासमा जोड दिन लोपोन्मुख कला संस्कृती पुस्ता हस्तान्तरण सहित प्रशिक्षण तथा विकासका लागि **नलगाड लोकसंस्कृती संरक्षणकार्यक्रम** सञ्चालन गरि आवश्यक बजेट विनियोजन गरिनेछ । **नलगाड साँस्कृतिक महोत्सवलाई** निरन्तरता दिदै आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१००.नगरपालिकाभित्र स्थापना भएका सहकारीहरुको गुणस्तर बृद्धिका लागि नियमन, प्रवर्द्धन र प्रशिक्षण गर्दै सहकारीता र सहकारी शिक्षामा जोड दिइनेछ । दलित तथा महिला सहकारी मार्फत दलित तथा महिलालाई सशक्तीकरण गरी उनीहरुको आय आर्जन र क्षमता विकास गरिनेछ । सहकारीहरुको क्षमता विकासका लागि लेखा तथा व्यवस्थापन तालिमहरु संचालन गरिनेछ । सवै सहकारीहरुको कार्यसम्पादनलाई अनलाईनमा आधारित गराइ विभिन्न अनलाईन सफ्टवयर तथा कम्प्युटर सिप सम्वन्धि कर्मचारीहरुमा क्षमता विकास गर्न आवश्यक तालिमका लागि वजेट विनियोजन गरिनेछ ।

१०१.बैंक तथा वित्तीय संस्था संगको सहकार्यमा सवै नागरीकमा वैक तथा वित्तीय साक्षरता अभिवृद्धि गर्न सघन रुपमा वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ ।

१०२. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरी नगरपालिकामा सूचीकृत भएका बेरोजगारहरुलाई नगरपालिका भित्र सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुमा रोजगारी उपलब्ध गराईनेछ । साथै यस नगरपालिका अन्तर्गत रहेका विभिन्न ज्ञान, सीप, क्षमता, योग्यता र अनुभव भएका व्यक्तिहरुको विवरण अध्यावधिक गरी नगरपालिकामा रोजगार सेवा केन्द्र मार्फत निजहरुलाई ज्ञान, सिप ,क्षमता, योग्यता र अनुभवको आधारमा रोजगारी सृजनामुलक कार्यक्रम संचानल गरिनेछ ।

१०३. साथै यस नगरपालिकामा रोजगार प्रर्वद्धन गर्नको लागि **प्रधानमन्त्री रोजगार कार्यक्रम** सँग म्याचिङ गरि **नगर प्रमुख रोजगार कार्यक्रम** मार्फत विदेशबाट फर्केका व्यक्तिहरु, विभिन्न कारण प्रभावित भई रोजगार गुमाएका व्यक्तिहरु, जनआन्दोलन ,जनयुद्ध तथा विभिन्न अधिकार प्राप्तिका आन्दोलनबाट प्रभाीवत नगारिक तथा परिवार र  विपन्न वेरोजगार नागरिकहरुलाई रोजगारी प्रदान गर्न **नगर प्रमुख रोजगार कार्यक्रम**लाई थप व्यवस्थित गर्दै निरन्तरता दिईनेछ । नगर प्रमुख रोजगार कोष बृद्धि गरिनेछ ।

१०४. युवा, बेरोजगार तथा गरीबीको रेखामुनी रहेका व्यक्तिहरुलाई लक्षित गरी निजहरुको आयआर्जन तथा क्षमता विकासका लागि आधारभूत तथा पेशागत उन्नत स्तरको सीपमुलक तालिम संचालन तथा गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत उपलब्ध गराईनेछ ।

नगर सभाका सदस्यज्यूहरु,

१०५. नगरपालिका क्षेत्रभित्र प्लाष्टिकका गिलास, प्लेट, बोतल जस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरी जस्ता स्थानीय वातावरणमैत्री बस्तुहरुको प्रवद्धनमा जोड दिईनेछ । साथै समुदायमा आधारित वातावरणमैत्री झोला, गिलास, प्लेट जस्ता सामाग्री उत्पादनलाई प्रोत्साहन गर्न उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ । प्लाष्टिक मालालाई नगर भित्र प्रतिवन्ध गराई स्थानीय फुलहरुको मालाको प्रयोग गर्ने नगरपालिकाको नीतिलाई निरन्तरता दिई यसको सफल कार्यान्वयन गरिनेछ । साथै पालिकाभित्र उत्पादित ढाका, अल्लो कपडाहरु नलगाडमै अनिवार्य

प्रयोग गर्ने गरि व्यवस्था मिलाईनेछ । दुना टपरी उत्पादन मेशिन खरिद गर्न आवश्यक बजेट विनियोजनको व्यवस्था मिलाईनेछ ।

१०६. नगरपालिकास्तरमा रहेका विपद् व्यवस्थापन समिति र वडास्तरका विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाई नलगाड नगरपालिकाको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाको सफल कार्यान्यवन गरिनेछ । आपत्कालीन विपद व्यवस्थापनका लागि नगरपालिकामा श्रोत सुनिश्चित सहित विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ । साथै आपतकालीन कार्यसंचालन केन्द्रको स्थापना गरि जनशक्ति तथा अन्य व्यवस्थापन गर्न बजेट विनियोजन गरिनेछ । साथै यस नगरलाई वातावरणमैत्री बनाउन डाँडाहरुमा कृतिम तालतलैया बनाई पानीको संकलन गरि डाँडाकाँडाहरुलाई हरियाली बनाउने कार्यमा जोड दिईनेछ ।

१०७. सबै प्रकारका बिकासका पूर्वाधार निर्माण कार्य जैबिक विविधतामा असर नपर्ने गरी वातावरण मैत्री बनाइने छ । सडक वरीपरी पहिरो नियन्त्रणको लागि अम्रिसो, निगालो, बाँस जस्ता बोटबिरुवा रोपी वातावरण सन्तुलन कायम गर्दै उत्पादन र आयआर्जनमूलक बोटबिरुवा रोपण कार्यलाई प्राथमिकता दिदै बायो इन्जिनियरिङलाई जोड दिइनेछ

१०८. नेपाल जलबायु परिवर्तन सहयोग कार्यक्रम-२ सँग समन्वय गरी जलवायु परिवर्तन न्यूनिकरण तथा स्थानीय उत्थानसिल अनुकूलनका कार्यक्रमहरु संचालन गरिनेछन । यस नगरक्षेत्रको जैविक विविधताको संरक्षणमा जोड दिईनेछ । नलगाड नगरपालिका भित्र पाईने दुर्लभ सुन गिद्ध संरक्षणका लागि सुन गिद्ध संरक्षण कार्यक्रमको व्यवस्था गरिनेछ ।

१०९. वन, हरियाली तथा जैवीक विविधताको संरक्षण र दिगो व्यवस्थापन गर्न हावापानी माटो र भुगोल अनुरुप खाली जग्गाहरुमा वृक्षारोपन गरिनुका साथै सामुदायिक वन उपभोक्ता समिति, वन डिभिजन कार्यालय, तथा सव डिभिजन वन कार्यालय र सुरक्षानिकाय सागको सहकार्यमा बन डढेलो नियन्त्रन तथा रोकथाम विर्षयमा अन्तरक्रिया तथा चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । सरकारी  गैरसरकारी निकायहरुको स्थानीय भुगोल र हावापानी अनुकुलन तथा विशेष

महत्वका बोट विरुवा रोप्ने कार्यलाई प्रोत्साहन गरिरनेछ । नलगाड ६ भारगाउमा रहेको अर्गेली (लोक्ता) सम्वन्धी बन जन्य विरुवा विस्तारमा जोड दिइनेछ ।

**११०.उत्पादन गर्दछ फोहोर जसले, तिर्दछ व्यवस्थापनको मुल्य उसले**,भन्ने सिद्धान्तलाई निरन्तरता दिदै नगर क्षेत्रमा उत्सर्जन हुने फोहोरमैलालाई व्यवस्थित ढंगले व्यवस्थापन गरिनेछ । नगर क्षेत्रभित्रको फोहोर लाई संकलन गरी उचित व्यवस्थापन गर्न डम्पिङ साईट निर्माण गरिनेछ । घरघर बाट फोहोर संकलन गरि संकलन केन्द्र सम्म फोहोर लैजान नियमानुसार करार सम्झौता प्रणालीबाट नीजि गाडीसँग सम्झौता गरि फोहोर उठाउने व्यवस्था मिलाईनेछ ।

नगर सभाका सदस्य ज्यूहरु,

१११. यस नगरपालिकाबाट प्रवाह गरीने सेवालाई मितव्ययी, प्रभावकारी, उत्तरदायी, पारदर्शी र नतिजामुखी तुल्याउनको लागि आवश्यक संरचनागत र संस्थागत व्यवस्थालाई जनमुखी तुल्याउदै नागरिकमैत्री सेवा प्रवाहको वातावरण सृजना गरिनेछ ।

११२. नगरपालिकामा कार्यरत कर्मचारीहरुको कार्य प्रक्रियालाई वैज्ञानिक ढंगले व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृत एवमं सबै कर्मचारीहरु बीच कार्यसम्पादन करारको सम्झौता गरी सेवा प्रवाहलाई थप प्रभावकारी एवमं नतिजामुलक बनाइने छ । साथै कर्मचारीको मनोबल उच्च राख्न कर्मचारीको क्षमता अभिवृद्धि तालीम, पुरस्कार, सम्मान र प्रोत्साहन समेतको व्यवस्था मिलाइने छ । “Right man in Right place, at Right Time”को नीति अवलम्बन गरिनेछ ।

११३. संस्थागत सुधारको लागि कार्यालयमा रहेका जनशक्तिलाई व्यवस्थापन गर्नको लागि O & Mतयार गरी लागु गरिनेछ ।

११४. डिजिटल नलगाड को अभियान अनुरुप नगरपालिका र सो अन्तर्गतका शाखाहरु र वडा कार्यालय वाट प्रवाह गरीने सम्पूर्ण सेवा प्रवाहलाई प्रविधिमा आधारित टोकन, अनलाइन रजिष्ट्रेसन तथा कम्प्युटर बिलिङ सञ्चालन गर्दै प्रभावकारी कार्यानवयन गरिनेछ ।

११५. सेवाग्राहीको गुनासो सुनुवाई तथा सहजताको लागि सेवा प्रवाहको मापदण्ड तयार गरी सेवा प्रतिको सन्तुष्टि मापन गर्ने व्यवस्था मिलाईनेछ । नागरिक सहायता कक्षको सेवा प्रवाहलाई थप व्यवस्थित गरि सेवा ग्राहीको सन्तुस्टी परिक्षण तथा गुनासोहरुको उचित अभिलेखिकरण तथा प्रकाशनको व्यवस्था मिलाईनेछ ।

११६. आम जनतामा डिजिटल साक्षरता बढाउन निजी क्षेत्रसग सहकार्यमा तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । मोवाईल तथा ईन्टरनेट सेवाको गुणस्तर सुनिश्चित गर्न नेपाल टेलीकम तथा अन्य सेवा प्रदायक संस्थाहरु संग सहकार्य गरिनेछ ।

११७.सवै वडाहरुमा ईन्टरनेट जडान कार्यलाई निरनतरता दिई थप व्यवस्थित गरिनेछ । नलगाड नगरपालिकाको वडा नं. ०४ मा सञ्चालनको अन्तिम तयारीमा रहेको नलगाड एफ.एमलाई नियमित प्रशासरणको लागि प्रोत्साहन गरि एफ.एम. रेडियो को भवन निर्माणको लागी संघ र प्रदेश सग आवश्यक समन्वय गरिनेछ । नगरपालिकाको केन्द दल्लीमा शुरु हुन लागेको प्रशारण गृहवाट नियमित सुचना तथा जानकारी आम नागरिका सम्म पुऱ्याउन नलगाड एफ.एम सग आवश्यक साझेदारी तथा सहकार्य गरिनेछ । साथै नगरपालिका र जनताको विचमा सु सम्वन्ध स्थापित गर्न र जनताका चासो र सुझाव संकलन गरि कार्यान्वयन गर्न सहजताका लागि जनता सग मेयर रेडियो कार्यक्रम संचालन गरिनेछ ।

११८. वजार क्षेत्रमा सम्भावीत चोरी डकैती तथा विसंगतीहरुको न्युनिकरण गर्न सि.सि. टिभी जडान कार्यलाई निरन्तरता दिई कालिमाटीमा जडित सि.सि. टिभीलाई थप व्यवस्थित गर्न आवश्यक बजेट विनियोजना गरिनेछ । नगरपालिकाको कैना बजार वजार र तल्ल' वजार क्षेत्रमा सि.सि. टिभी जडान कार्यलाई निरन्तरता दिईनेछ ।

११९. राष्ट्रिय प्रशासरण लाईनलाई क्रमश सवै वडाहरुमा विस्तारको व्यवस्था मिलाईनेछ । साथै तत्काल प्रशासरण लाईन नपुगेका क्षेत्रहरुमा नवकिरणिय उर्जाको माध्यमबाट विद्युतीकरण गरिनेछ । स्थानीय जलविद्युतहरुलाई मर्मत सम्भारको व्यवस्था मिलाईनेछ । उज्यालो नगर

बनाउन तत्काल मुख्य बस्ती तथा बजार क्षेत्रमा सडक बत्तीको व्यबस्था गर्न आवश्यक पहल गरिनेछ ।

१२०. अति सिमान्तकृत, दलित, लोपोन्मुख, अति विपन्नका लागि जनता आवास कार्यक्रम , सुरक्षित नगारिक आवास कार्यक्रम अन्तरगत म्याचिङ गरि आवासको व्यवस्था मिलाईनेछ । नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवनसंहिताको पालनाको लागि थप मापदण्ड बनाई  लागु गरिनेछ । साथै भवन संहिता विपरितका नक्सापास नगर्ने नीति अवलम्वन गरिनेछ

१२१. नगरपालिकाको दोश्रो आवधिक योजना र बजेट बीच तादात्म्यता मिलाई मध्यकालीन खर्च संरचनालाई व्यवस्थित गरिनेछ । नगरपालिका केन्द्र तथा सबै वडा कार्यालयहरुमा डिजिटल नागरीक वडापत्र तथा क्षतिपूर्ति सहितको नागरीक वडापत्र कायम गरी सेवा उत्तरदायी संयन्त्रको विकास गर्दै लगिने छ । सवै वडा हरुमा गुनासो संकलन को व्यवस्था मिलाई फछ्र्यौटको आवश्यक व्यवस्था मिलाईनेछ । नगरपालिका मातहतका सवै शाखाहरु वडाहरु र कार्यालयहरुमा अनिवार्य गुनासो पटीका, सुझाव पेटीका को व्यवस्था गरिनेछ ।

१२२. नगरपालिकावासी नागरीकहरुका बीचमा सामाजिक सदभाव र मेलमिलाप कायम गर्न न्यायिक समितिमा पर्न आएका बिबादहरुको निष्पक्ष र प्रभावकारी निरुपण गर्नका लागि न्यायिक समितिको सशक्तिकरण सँग सम्बन्धित क्रियाकलाप संचालन गरिनेछ । न्यायिक समितिको संस्थागत सुधार र क्षमता अभिबृद्धि गरिनेछ ।

१२३. आगामी आ.व. देखि नलगाड नदि र नहकुली लेक को चिन्ह अंकित हुने गरि नगरपालिकाले आफ्नै नगर चिन्ह (लोगो)  निर्माण तथा निर्धारण गरि यसको प्रयोगमा आवश्यक कार्य गरिनेछ ।

१२४. नगर क्षेत्रका दूई स्थान तल्लु र कालीमाटी मा वसपार्क क्षेत्र निर्माण तथा व्यवस्थापनका लागि आवश्यक कार्य गरिनेछ ।

१२५. जनप्रतिनिधि लाई सेवा प्रवाह तथा कानुनी प्रक्रियाहरुबारे जानकार बनाउन क्षमता विकास विकास तालीम संचालन गरिनेछ ।

१२६. हाल नलगाड वडा नं. ०२ मा रहेको तर वडा नं. ०४ र ०५ का नागरिकहरुको दाहसंस्कारमा प्रयोग गरिने मसानघान नदिको वहाव बढ्दा जोखिममा रहेको र थप व्यवस्थित गर्न समेत कठिनाई भएकोले वडा नं. ०५ को कालीमाटी बजार अगाडीको नलगाड नदिकै टापुमा स्थानान्तर गरि आवश्यकीय व्यवस्थापन कार्य र पुर्वाधार निर्माण कार्य गरिनेछ।

१२७. नगरपालिका भित्र ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर लगायतको बिक्री तथा निकासी प्रणालीलाई व्यवस्थित तुल्याउन सम्भाव्य सबै क्षेत्रहरुलाई करको दायरामा ल्याइनेछ। साथै यस नगरपालिका अन्तर्गत संचालित योजनाहरुमा उपभोक्ता वा निर्माण कम्पनीलेउपयोग गर्ने नदीजन्य तथा अन्य प्राकृतिक स्रोत सामाग्रीहरुको उपयोग गरे बापतको कर नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दरमा असुली गर्नको लागि आवश्यक पहल गरिनेछ। कर सङ्कलनलाई थप प्रभावकारी बनाई प्रक्षेपण गरिएको राजश्व यथा समयमा सङ्कलन गर्न वडा समितिलाई परिचालन गरिनेछ।

१२८. राजश्व प्रशासनको प्रभावकारिताको लागि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागू गरिनेछ। आन्तरिक नियन्त्रण प्रणालीलाको निर्माण तथा विकास गरि थप सशक्त र प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ। नगरपालिकाको कर प्रशासनमा व्यापक सुधार गरिनेछ। करको दायराहरु बढाईनु का साथै करदाताहरुलाई करको दायरा भित्र ल्याईनेछ। स्थानीय तहमा रहेका सम्पूर्ण सहकारी, व्यवसायी समूहहरु, फर्म, वित्तिय संस्थाहरुमा कर लगाईने छ। नगरको आन्तरिक राजश्वलाई प्रर्वद्धन गर्न राजश्व सुधार कार्ययोजना बनाई लागु गरिनेछ।

१२९. यस नगरपालिकामा कार्यक्षेत्र भएका विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु एकद्धार प्रणाली मार्फत नगरपालिका आई नगरपालिका र वडा कार्यालयको समन्वय तथा सहकार्यमा रही योजना तथा कार्यक्रम प्रस्तुत गर्नुपर्ने नीति अवलम्वन गरिनेछ। आफ्नो नीति तथा कार्यक्रममा रहि उत्कृष्ट कार्यसम्पादन गर्ने सरकारी तथा गैरसरकारी संघसंस्थाहरुलाई प्रोत्साहन तथा पुरस्कृत गरिनेछ

१३०..सार्वजनिक स्थलहरुमा हुने धुमपान, मध्यपान लगायतका सामाजिक विकृति र विसंगतिहरुलाई न्युनिकरण गर्न वडास्तरमा रहेका आमा समुह, महिला सहकारी समुह, युवा समुह, वाल समुह लगायतका सामाजिक समुहहरुको क्षमता विकास गरी उक्त समुहरुसँगको सहकार्यमा सभ्य, शान्त र सम्मुनत समाजको निर्माण गर्नमा जोड दिईनेछ।

१३१. नगरपालिकाबाट गर्ने खर्च प्रणालीलाई व्यवस्थित गरी बेरुजु तथा पेश्कीलाई निरुत्साहित गर्दै आर्थिक पारदर्शिता कायम गरिनेछ । काम सम्पन्न भएपछि मात्र भुक्तानी दिने गरी पेश्की नियन्त्रण गर्ने नीतिलाई निरन्तरता दिदै बेरुजुन्युन तथा शुन्य बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

१३२. यस नगरपालिका भित्र सञ्चालन भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सामुदायिक एवमं गैर सरकारी संस्थाहरुसँग सामाजिक विकासमा साझेदारी गर्दै ती संस्थाहरुलाई जवाफदेही र मर्यादित बनाउदैपारदर्शीर व्यवस्थित रूपमा परिचालन गरिनेछ ।नगरपालिकासँग विकास र जनसेवामा साझेदारी गर्न चाहने राष्ट्रिय, अन्तराष्ट्रिय, गै.स.स. सँगको सहकार्यलाई प्राथमिकता दिई स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था समेतका आधारमा विकासका गतिविधिमा गै.स.स. सँग समन्वय तथा सहकार्य गरिनेछ ।

१३२.सूचना तथा संचार प्रक्रियालाई थप प्रभावकारी बनाउन सूचना तथा संचार माध्यमहरु सँगको साझेदारीमा क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ । साथै राज्यको चौथो अंगको रुपमा रहेको पत्रकारिता जगतसँग नगरपालिकाको समग्र विकासको अभियानमा सुझाव, सहयोग माग्दै अगाडि बढ्ने नीति लिइनेछ ।

१३३. सशस्त्र द्धन्दका कारण मृतक, बेपत्ता पारिएका परिवार, अपागंता भएका परिवार वा प्रत्यक्षप्रभावित परिवार वा उनका सदस्यहरुलाई राज्यले प्रत्याभुत गरे अनुरुप परिपुरणका विभिन्नक्रियाकलापहरु संचालन गरिनेछ ।

१३४. पालिकामा रहेकाएकल महिलाहरुको समुह निर्माण गरि उहाँहरुको जीवनस्तरमा सुधार गर्न उद्यमशिलता तथा जीविकोपार्जन टेवा पुर्‍याउन लागि आवश्यक कार्य अगाडि बढाइनेछ ।

१३५. प्राविधिक शिक्षा विस्तार गरी संञ्चालित विद्यालयहरुमा थप विकास गर्दै आइ सी टि शिक्षालाई विशेष पहल गरिनेछ ।

१३६. नलगाड वहुमुखि क्याम्पसमा भौतिक पूर्वाधार विकास निर्माणमा विशेष पहल गरिनेछ ।

१३७. सामाजिक सुरक्षाभत्ता वितरण कार्य लाई व्यवस्थित गर्न लाभग्राहीहरुलाई न्युनतम लागतमा भत्ता प्राप्त गर्ने वातावरण मिलाईनेछ ।

अन्त्यमा, नलगाड नगरपालिकाले विगतका नीति तथा कार्यक्रमलाई निरन्तरता दिदै आ.व. २०८०।८१ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । र यस अवसरमा हाम्रो निमन्त्रणा ग्रहण गरि व्यस्त तथा अमुल्य समयको बाबजुद यस नगर सभामा पाल्नुहुने नगर सभाका सदस्य ज्यूहरु, कर्मचारीहरु, संचारकर्मीहरु लगायत सम्पुर्ण सरोकारवालाहरु प्रति हामी आभारी छौ । साथै यस कार्यलाई प्रभावकारी र सफल कार्यान्वयनका लागि सहयोग गर्ने सवै पक्ष र निकायहरुबाट सदाझैं सल्लाह, सहयोग र सुझावको अपेक्षा गर्दै वार्षिक नीति तथा कार्यक्रम तर्जुमा कार्यमा रचनात्मक सल्लाह एव्म सक्रिय सहयोग गर्नुहुने सवैमा धन्यवाद दिदै नीति तथा कार्यक्रमको सफल कार्यान्वयका लागि समेत पुर्ण साथ सहयोगको अपेक्षा गर्दछु । नेपालको संविधान कार्यान्वयनका माध्यमबाट नगरलाई सम्बृद्धिको यात्रा तर्फ अग्रसर गराउन योगदान पुऱ्याउने राजनीतिक दलहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । नगरको समग्र आर्थिक-सामाजिक विकासमा आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्ने स्थानीय सरकारका प्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, निजि तथा सहकारी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, संचार जगत तथा सम्पूर्ण नगरबासीहरु तथा नगरको विकास प्रयासमा सहयोग पुऱ्याउने सरकारी तथा गैर सरकारी संघसंस्थाहरु सवैलाई हार्दिक धन्यबाद दिन चाहान्छु ।